नेपाली

Vol.45 | 2024.12

विभिन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation




## आफ्रा स-साना बालबच्चाहरूलाई जापानी स्कुलमा अध्ययनका लागि सोचिरहनु भएका बुवा-आमाहरुको लागी महत्वपूर्ण सेमिनार !!

विद्यालयमा भर्ना नभएको बच्चा भएका विदेशी अभिभावकहरूको लागि जापानको प्राथमिक विद्यालयबारे जानकारी प्रदान गरिन्छ।

उक्त दिन प्राथमिक विद्यालयका कार्यक्रमहरू र आवश्यक अध्ययन सामग्रीको जानकारी दिने, अनुभवी अभिभावकहरूले आफ्नो अनुभव सुनाउने तथा अनुभवी अभिभावकहरू र सहभागीहरू बीच आदानप्रदानको कार्यक्रम गर्ने योजना छ।

*दोभासे सेवा उपलब्ध छ। (अंग्रेजी भाषा, चिनियाँ भाषा आदि)

*शिशु स्याहार छ (1 वर्ष 6 महिना~प्राथमिक विद्यालयमा भर्ना हुन अघिका बच्चाहरू)। आवेदन दिनुपर्नेछ (पहिलो 8 जना जति)।

- 2025 साल जनवरी 26 तारिख (आइत) 1:30 pm~4:00 pm
- ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) (ओता सहर कामाता 4-16-8 2F)
- नि:शुल्क
- वेबसाइटबाट आवेदन दिनुहोस्।
- (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ

☎ 03-6410-7981 FAX 03-6410-7982

E-mail mail@ota-goca.or.jp

···· कहिले ···· रकम ···· कति जना ···· कहाँ ···· आवेदन दिने तरिका ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

## ■बालबालिका भत्ताको वर्षको अन्त्य तथा नयाँ वर्षको सुरुको प्रक्रिया

2024 साल डिसेम्बर 28 तारिख (शनि) देखि 2025 साल जनवरी 5 तारिख ( तारिख) सम्म काउन्टरमा बालबालिका भत्ताको आवेदन लिन सकिनेछैन। डिसेम्बरमा जन्मिएको बच्चा वा घर सरेको व्यक्तिले घर सरेको मिति (जन्म मिति र अघिल्लो ठेगाना भएको ठाउँबाट सर्ने योजना भएको मिति) को भोलिपल्टदेखि 15 दिन भित्र आवेदन दिनुहोस्।

संलग्न गर्नुपर्ने सबै कागजातहरू नभएको अवस्थामा पनि आवेदन लिइने हुनाले म्याद भित्र आवेदन दिनुहोस्।



©Ota City

- बाल सेवा सहायता शाखा, बाल चिकित्सा कर्मचारी काउन्टरमा आवेदन दिनुहोस्।
- इलेक्ट्रोनिक आवेदन
- हुलाक

*घर सरेको र बच्चा जन्मेको कारण दिइने आवेदनहरू मात्र विशेष उपशाखामा पेस गर्न पनि सकिन्छ।
विस्तृत जानकारीको लागि ओता सहरको वेबसाइट हेर्नुहोस्।

बाल सेवा सहायता शाखा, बाल चिकित्सा कर्मचारी

☎ 03-5744-1275 FAX 03-5744-1525

## ■वर्षको अन्त्य तथा सुरुको अवधिमा स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर र सामान्य फोहोरहरूको सङ्कलनबारे

2024 साल डिसेम्बर 31 तारिख (मंगल)~2025 साल जनवरी 3 तारिख (शुक्र) बीचको अवधि सम्पूर्ण सङ्कलन बिदा हुनेछ।
नयाँ वर्ष सुरु भएपछि जनवरी 4 तारिख (शनि) देखि सामान्य रूपमा सङ्कलन गरिनेछ। साथै केही क्षेत्रहरूमा जनवरी 5 तारिख (आइत) सङ्कलन गरिनेछ। वर्षको अन्त्य तथा सुरुको अवधिमा, सामान्य दिनहरू भन्दा सङ्कलन समय र सङ्कलन कोर्समा ठूलो परिवर्तन गर्न सकिने अवस्थाहरू हुने हुनाले, स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने फोहोरलाई सङ्कलन गरिने दिन बिहान 8 बजे सम्ममा सङ्कलन स्थानमा राख्नुहुन अनुरोध गर्दछौं।




©Ota City

सरसफाइ शाखा सङ्कलन तथा रिसाइकलिङ जिम्मेवार कर्मचारी

☎ 03-5744-1628 FAX 03-5744-1550

E-mail：kan-seso@city.ota.tokyo.jp


हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा

ठेगाना 〒144-0052 ओता सहर कामाता 4-16-8 2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र

☎ 03-5744-1227 FAX 03-5744-1323


▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼ बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶

## ■बाल शिक्षा समर्थन कक्षा कोठा

यो क्लास जापानी भाषा अध्ययन गरिरहेका प्राथमिक तथा निम्न माध्यमिक विद्यालयका विद्यार्थीहरूको लागि हो। जापानी भाषा नबुझेर विद्यालयको गृहकार्य र पढाइ गाह्रो भइरहेको व्यक्तिहरू अवश्य पनि आउनुहोस्। वयस्क स्वयंसेवकहरूसँग अध्ययन गर्नुहोस्।

●क्लासमा गर्न सक्ने कुराहरू

- गृहकार्य सहायता
- किताबको भाषा र शब्दहरूको अध्ययन
- जापानी भाषा प्रयोग गरिएको अध्ययन गतिविधि आदि

●दायरामा पर्ने व्यक्तिहरू

- प्राथमिक विद्यालय ग्रेड 1 को विद्यार्थी~निम्न माध्यमिक विद्यालय ग्रेड 3 को विद्यार्थी
- ओता सहरको प्राथमिक विद्यालय र निम्न माध्यमिक विद्यालयमा अध्ययन गरिरहेको विद्यार्थी
- जापानी भाषा गाह्रो लाग्ने, जापानी भाषा अध्ययन गरिरहेका व्यक्तिहरू


©Ota City

2025 साल जनवरी 15 तारिख, 22 तारिख, 29 तारिख, फेब्रुअरी 5 तारिख, 12 तारिख, 19 तारिख, 26 तारिख र मार्च 5 तारिख, 12 तारिख, 19 तारिख (हरेक हप्ता बुधबार, कुल 10 पटक)
क्लास 1 (प्राथमिक विद्यालय ग्रेड 1 को विद्यार्थी~प्राथमिक विद्यालय ग्रेड 5 को विद्यार्थी) 3: 45 pm~4: 45 pm
क्लास 2 (प्राथमिक विद्यालय ग्रेड 6 को विद्यार्थी~निम्न माध्यमिक विद्यालय ग्रेड 3 को विद्यार्थी) 3:45 pm~5:15 pm
*परामर्श गरेर क्लास निर्धारण गर्न सकिन्छ।

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)
(ओता सहर कामाता 4-16-8 2F)

क्लास 1: 2,000 येन
क्लास 2: 3,000 येन (दुबै कुल 10 पटक)

क्लास 1 10 जना जति
क्लास 2 10 जना जति

- अन्तर्राष्ट्रिय सहर ओता संघ काउन्टर
  (ओता सहर कामाता 4-16-8 2F
  ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota))
- वेबसाइट
- E-mail पठाउनुहोस्।
- FAX पठाउनुहोस्।

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981 FAX 03-6410-7982
E-mail mail@ota-goca.or.jp

## ■प्रारम्भिक जापानी भाषा कोर्स

यो कोर्स पहिलो पटक जापानी भाषा अध्ययन गर्ने व्यक्तिहरूको लागि हो।
हिरागाना र काताकानादेखि सरल कुराकानीसम्म सिकाइन्छ।


©Ota City

2025 साल फेब्रुअरी 4 तारिख, 6 तारिख, 13 तारिख, 18 तारिख, 20 तारिख, 25 तारिख, 27 तारिख र मार्च 4 तारिख, 6 तारिख, 11 तारिख
(सार्वजनिक बिदाको दिन बाहेकका हरेक हप्ता मंगलबार र बिहीबार (कुल 10 पटक))
10: 00 am~12: 00 pm

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)
(ओता सहर कामाता 4-16-8 2F)

1,700 येन (क्लास 10 पटकको रकम र किताब तथा अन्य सामग्री खर्च)

15 जना (धेरै आवेनद दिइएको खण्डमा गोलापर्था गरिनेछ।)

वेबसाइटबाट आवेदन दिनुहोस्।

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981 FAX 03-6410-7982
E-mail：info@ota-goca.or.jp

## ■के तपाईं “Minto Friends” हुन चाहनुहुन्छ?

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) मा बहुभाषी परामर्श काउन्टर छ र यहाँ जापानी भाषा र विभिन्न बहुसांस्कृतिक सहजीवनका इभेन्टहरूको आयोजना गरिन्छ।
यस्तो "जानकारी" आवश्यक व्यक्तिहरूलाई प्रदान गर्ने Minto Ota को सपोटरहरूलाई Minto Friends भनेर भनिन्छ।
बहुभाषी परामर्श काउन्टरको बारेमा

Minto Friends को बारेमा

“Minto Friends” भनेको के हो?

- ✔ यो विदेशी भाषामा परामर्श गर्न सक्ने काउन्टर, अन्तर्राष्ट्रिय आदानप्रदान र बहुसांस्कृतिक सहजीवनको बारेमा "जानकारी"(*) प्रदान गर्ने काम हो!
- ✔ अन्तर्राष्ट्रिय आदानप्रदान र बहुसांस्कृतिक सहजीवनमा रुचि भएका प्राथमिक विद्यालयका विद्यार्थी वा सोभन्दा बढी उमेरको व्यक्ति भएमा दर्ता बिना Minto Friends हुन सकिन्छ!
- ✔ जुनसुकै बेला आफू Minto Friends भएको कुरा बताउनुहोस्!

अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
☎ 03-5744-1227
FAX 03-5744-1323
E-mail t-kokusai@city.ota.tokyo.jp



*प्रदान गर्ने "जानकारी" को लागि यहाँ

❶ ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) को बारेमा

❷ सहरको वेबसाइट <विदेशी नागरिकहरूको लागि> को बारेमा

❸ सहरको वेबसाइटबाट प्राप्त गरेको नयाँ जानकारीको बारेमा

## ■महिनामा 2 पटक HIV को जाँच गर्न सकिन्छ।

ओता सहरको सार्वजनिक स्वास्थ्य केन्द्रहरूमा हरेक महिना 2 पटक (महिनाको दोस्रो र चौँथो बुधबार) निशुल्क अनि बेनामी रूपमा HIV र सिफिलिस (भिरिङ्गी) को जाँच गरिन्छ। साथै सिन्च्युकुको पूर्वी एक्जिटमा भएको जाँच तथा परामर्श कक्षमा सार्वजनिक बिदाको दिन बाहेक हरेक दिन जाँच गरिन्छ।


©Ota City

2024 साल डिसेम्बर 25 तारिख (बुध), 2025 साल जनवरी 8 तारिख (बुध) र जनवरी 22 तारिख (बुध)
9: 00 am~10:00 am

कामाता इलाका कार्यालय 2F स्वास्थ्य परीक्षण कक्ष
(ओता सहर कामाता होनच्यो 2-1-1)

नि:शुल्क

ओता सहरको वेबसाइटबाट अनलाइनमा नाम लेखाउनुहोस्।

संक्रामक रोग रोकथाम शाखा, संक्रामक रोग रोकथाम कर्मचारी
☎ 03-4446-2643 FAX 03-5744-1524
टोक्यो महानगरपालिका HIV आदिको जाँचको लागि नाम लेखाउने केन्द्र
☎ 050-3801-5309

···· कहिले ···· रकम ···· कति जना ···· कहाँ ···· आवेदन दिने तरिका ···· आवेदन दिने ठाउँ ···· सम्पर्क